# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं पौष २८ गते २०१० साल


## भाग २

## अर्थमन्त्रालय ( आयविभाग ) को सूचना

संख्या—कुटानी के. न. ।१।५ १७।९।१०

हाम्रो तराई सरहदमा पाएक मिल्ने मील नभएका जिल्लाका मानिसले विदेशका मीलमा धान लगी कुटाई चामल ल्याउनुपर्ने भएमा पाया नजीकको फलाद्द मीलमा लगी धान कुटाई बढीमा ७ सात दिनभित्र चामल फर्काई ल्याउनेछु । सो म्याद्‌भित्र ल्याइन भने सोबापतमा डिपोजित राखेको महसूल जफत होस् भन्ने मालधनीको कागज गराई कुटानी गर्न लगेका धानको लगत गरी त्यसको लाग्ने महसूल धरौट ली निस्सा गरी छाडिदिने र लगतबमोजिम धान कुटानी गरी चामल फर्काई ल्याएपछि सो धरौटी रहेको रुपैयाँ फिर्ता दिई लगत काटिदिने, सो म्याद-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि म

१६६०

भित्र फर्काई नल्याएमा धरौटी रहेको रुपैयाँ स्याहामा आमदानी बाँध्ने गर्नु भन्ने ११।६।०१० मा श्रीमाननीय प्रधान मन्त्रीज्यूबाट मिसो सदर भै आएकोले सो कुरा बजार अड्डा र पब्लिकसमेत सरोकारवाला सबैलाई ज्ञात भै सोबमोजिम काम गर्न गराउन यो सूचना प्रकाश गरिएको छ।

आज्ञाले—

चूडानन्द.

एडिशनल सेक्रेटरी— अर्थमन्त्रालय.

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि